नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६, संख्याः६, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

## सिद्धलेक गाउँपालिकाको बाँझो जग्गा उपयोग अनुदान भूक्तानी कार्यविधि, २०७९

गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९

**प्रस्तावनाः**

विश्वव्यापी महामारिको रुपमा फैलिएको कोभिड-१९ (कोरोनाभाइरस) को कारण नेपाल समेत प्रभावित भएको वर्तमान अवस्थामा सोबाट सिर्जित भएको आर्थिक एवं खाध संकटबाट बच्न  लामो समय देखि धेरै कृषि योग्य जमिनहरू बाँझै रहेको अवस्थामा सो बाँझो जमिनहरूमा कृषिजन्य उत्पादन गर्न स्थानिय कृषकहरूलाई उत्प्रेरित गर्न बाँझो जग्गा खनजोत गरी कृषि कार्य गर्ने कृषकलाई अनुदान कार्यक्रम सञ्चालन गरी कृषि उत्पादनलाई वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२)ण. मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न दफा १०२ को उपदफा २ को अधिकार प्रयोग गरी सिद्धलेक गाउँपालिका गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "सिद्धलेक गाउँपालिकाको बाँझो खेत उपयोग अनुदान भूक्तानी कार्यविधि,२०७९" रहनेछ।

ख) "प्रारम्भ" यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा र व्याख्याः**

(क) "उप-प्रमुख" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ख) "उत्पादक"भन्नाले कृषिवस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ग) "कार्यपालिका"भन्नाले सिद्धलेक गाउँपालिका गाउँकार्यपालिका सम्झनुपर्छ ।

(घ) "कृषक"भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा कृषिखेती गर्ने कृषक, कृषक समूह,कृषि व्यवसायी,कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ।

(ङ) "अनुदान" भन्नाले समाजका विभिन्न क्षेत्रका विकासको लागि गाउँपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान,कार्यक्रम अनुदान र पुँजीगत अनुदान समेतलाई जनाउनेछ ।

(च) "गाउँपालिका" भन्नाले सिद्धलेक गाउँपालिका गाउँपालिका सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीयअधिकृत" भन्नाले सिद्धलेक गाउँपालिका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ज) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनुपर्छ।

## परिच्छेद २
## कार्यविधिको उद्धेश्य

**३. प्रस्तुत कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछ।**

(१) विश्वभरि फैलिएको कोरोनाभाइरस (कोभिड-१९) को कारण नेपाल समेत प्रभावित भएको र सोको कारण आगामी वर्ष विश्वभरि आर्थिक एवं खाद्य सङ्कट हुने सम्भावना भएकोले सो सङ्कटलाई न्युनिकरण गर्न सिद्धलेक गाउँपालिका गाउँपालिका भित्र रहेका बाँझो जमिनलाई खनजोत गरी कृषि सम्बन्धी कार्य गर्न प्रोत्साहित गर्दै कृषि योग्य जमिनलाई बाँझो रहन नदिन कृषकलाई प्रोत्साहित गर्न आवश्यकतानुसार कृषि अनुदान कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद ३
## कृषि अनुदान तथा आर्थिक अनुदान सम्बन्धी व्यवस्था

**४. कृषि अनुदान तथा आर्थिक सहायताः**

(१) सिद्धलेक गाउँपालिका भित्र लामो समयदेखी कृषियोग्य जमिनहरू बाँझै रही उत्पादकत्वमा ह्रास आईरेहेको हुँदा दुई वा दुईवर्षभन्दा बढी समय देखि बाँझो रहेको जग्गा जमिनहरूमा कृषि उत्पादन बढाउन  कृषि कार्य गर्ने गराउने कृषकहरूलाई अनुसूची १ बमोजिमको आर्थिक अनुदान उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको आर्थिक अनुदान प्राप्त गर्न अनुसूची २ को ढाँचामा सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) गाउँपालिकाबाट प्रदान गरिने कृषि अनुदान कार्यक्रम अन्तर्गत अनुदान रकम प्राप्त गर्नको लागी सम्बन्धित व्यक्तिले देहाय बमोजिम कागजातहरू सिद्धलेक गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

(क) निवेदन सक्कलप्रति ।

(ख) व्यक्तिगत कृषकको हकमा नागरीकताको प्रतिलिपि । कृषि फर्म वा कम्पनी वा कृषि सहकारी वा कृषक समूह भए सम्बन्धित संस्थादर्ता प्रमाणपत्रको प्रतिलिपि एवं सम्बन्धित संस्थाको निर्णयको प्रतिलिपि ।

(ग) सम्बन्धित कृषि कार्य गरिने जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि ।

(घ) निवेदकले अरुको जग्गामा कृषिकार्य गर्न लागेको हो भने सम्बन्धित जग्गाधनीसँग गरीएको सम्झौताको प्रतिलिपि।

(ङ) सम्बन्धित वडाले कृषि प्रयोजनको लगि प्रयोग गरिएको जग्गाको क्षेत्रफल तथा विगत दुई वा सो भन्दा बढी समय बाँझो रहेको विवरण यकिन गरेको सिफारिसको सक्कल पत्र ।

(च) गाउँपालिकाको कृषि प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन सहितको सिफारिस पत्र।

## परिच्छेद ४

## निरीक्षण, अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनः

**५. निरीक्षण, अनुगमन तथा मुल्याङ्कन समितिः**

(१) बाँझो जग्गाको उपयोग सम्वन्धी अनुदान कार्यको निरीक्षण, अनुगमन तथा मुल्याङ्कनको लागि गाउँपालिका स्तरीय र वडा स्तरीय समिति रहनेछन् ।

**६. गाउँपालिका स्तरीय समितिः**

(१) उपदफा (१) बमोजिमको गाउँपालिका स्तरीय समितिमा देहायका सदस्यहरू रहने छन्ः—

(क) अध्यक्ष - अध्यक्ष

(ख) उपाध्यक्ष -सदस्य

(ग) आर्थिक विकास समितिको संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ङ) गाउँपालिकाको कृषि शाखा प्रमुख-सदस्य सचिव

(२) समितिले सम्बन्धित क्षेत्रकोविशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिले यस कार्यविधिको उद्धेश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ ।

(५) समितिको सचिवालय गाउँपालिकाको कृषि शाखा रहनेछ ।

**७ .गाउँपालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकारः**

(१) यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीयस्तरमा रहेका बाँझो कृषियोग्य जमिन उपयोगको लागि अनुदान कार्यक्रम सञ्चालन गर्ने ।

(ख) कृषि अनुदान माग गर्ने कृषकको आवश्यक निरीक्षण, अनुगमन तथा मुल्याङ्कन गरी मापदण्ड पुगेको वास्तविक किसानलाई अनुदान प्रदान गर्ने ।

(ग) जमिन बाँझो नराख्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) कृषि योग्य जग्गाहरूको लगत संकलन गर्ने गराउने ।

(ङ) कृषि उत्पादन प्रबर्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रबर्धनात्मक कार्यहरू गर्ने ।

(च) कृषि उत्पादन प्रबर्धन गर्न आवश्यक देखिएका अन्य कार्यगर्ने ।

**७. वडा स्तरीय समितिः**

(१) दफा ५ उपदफा (१) बमोमिजको वडा स्तरीय समितिमा देहायका सदस्यहरू रहने छन्ः

(क) वडा अध्यक्ष -प्रमुख

(ख) वडा अध्यक्षले तोकेको सम्बन्धित क्षेत्रको प्रतिनिधि एक जना-सदस्य

(ग) वडा सचिव- सदस्य सचिव

(२) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको सचिवालय वडा कार्यालयमा रहनेछ ।

(५) वडा स्तरीय समिति को काम, कर्तव्य र अधिकारः यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क)बाँझोकृषि योग्य जमिन उपयोगको लागि प्रोत्साहन रकममाग गर्ने कृषकको जग्गाको स्थलगत निरीक्षण, अनुगमन तथा मुल्याङ्कन गरी मापदण्ड पुगेको वास्तविक किसानलाई अनुदान प्रदान गर्न गाउँपलिका समक्ष सिफारिस गर्ने।

(ख)अनुदान प्राप्त गर्नेबाँझो जमिन जोत्नु पूर्व र खेती गरिसकेपछि अनुगमन गर्ने ।

(ग) कृषकलाई अनुदान रकम प्राप्त गर्न आवश्यक सहजीकरण गर्ने ।

## परिच्छेद ५

## खर्चको स्रोत व्यवस्थापन तथा सञ्चालन

**८. खर्चको स्रोतः**

(१) यस कार्यविधिमा तोकिए बमोजिमका कार्यक्रम सञ्चालन तथा अनुदान प्रदान गर्न देहायका स्रोतबाट प्राप्त रकम प्रयोग गरिनेछ :

(क) गाउँपालिका कृषि शाखाबाट विनियोजित रकम

(ख) अन्य कुनै स्रोतबाट (रकमप्राप्त भएको खण्डमा)

**९. लेखा र लेखापरीक्षण**

(१) अनुदान रकमको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) अनुदान रकमको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद ६
## विविध

**१०. कारबाही तथा असूल उपरः**

(१) यस कार्यविधि विपरीत तथा झुठ्ठा विवरण पेश गरी आर्थिक अनुदान तथा सहयोग प्राप्त गरेको जानकारी हुन आएमा सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

(२) यस कार्यविधिमा उल्लेख नभएका कुराहरू प्रचलित कानून बमोजिम हुनेछ।

**११. सहयोग गर्नुपर्नेः**यस कार्यविधि बमोजिम बाँझो जग्गा उपयोग अनुदान कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**१२. व्याख्यागर्नेअधिकारः**यस कार्यविधिमा भएको कुनै व्यवस्था अस्पष्ट भई व्याख्या गर्नुपर्ने भएमा गाउँपालिकाले सोको अन्तिम व्याख्या गर्नेछ।

**१३. कार्यविधि संशोधन गर्न सक्नेः** गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

**१४. बाधा अड्काउ फुकाउनेः** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची १

(दफा ४ (१) सँग सम्बन्धित)

दुई वा सोभन्दा बढी बर्ष देखि बाँझो रहेको जमिनहरूमा खेती गर्दा पाउने अनुदान रकम

| क्र.सं. | खेती | अनुदान रकम रु. (प्रति रोपनी) | कैफियत |
|---|---|---|---|
| १ | धान | ५,०००।- | |
| २ | फलफुल | ३,०००।- | |
| ३ | तरकारी | ५,०००।- | |
| ४ | अन्य अन्नबाली | ३,०००।- | |

सिद्धलेक गाउँपालिका

## अनुसूची २

(दफा ४ (२) सँग सम्वन्धित)

मितिः २०   /   /

श्री वडा अध्यक्ष ज्यू,
.....नं.वडा कार्यालय
सिद्धलेक गाउँपालिका,धादिङ।

विषयः बाँझो जग्गामा खेती गर्ने सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस सिद्धलेक गाउँपालिका गाँउपालिकाद्धारा मिति २० /   /   गते प्रकाशित सुचना अनुसार "खेतीयोग्य बाँझो जग्गामा खेती गरेवापत प्रोत्साहन अनुदान" कार्यक्रम अन्तर्गत मैले दुई बर्ष भन्दा बढि बाँझो रहेको जग्गामा खेतीगर्न ईच्छुक भएकाले आवश्यक कागजात संलग्न राखी देहायको विवरण सहित निवेदन पेश गरेको छु।

१) खेती गर्ने व्यक्तिको विवरणः

क)नामः

ख) बुवाको नामः    ग) उमेरः    घ) ना.प्र.नः

ङ) खेती गर्ने स्थानको ठेगानाः

२) खेती गर्ने बालीको विवरणः

क)  धान.........रोपनी    ख)अन्नबाली ..... रोपनी

ग) फलफुल ........रोपनी    घ) तरकारी........रोपनी

३) खेती गर्ने जग्गाको विवरणः

क) जग्गाको क्षेत्रफल......... रोपनी

ख) जग्गाको किसिमः  खेत (   )    बारी (   )

निम्न अनुसारको आवश्यक कागजात यसै निवेदन साथ पेश गरेको छु ।

१) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२) जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि/जग्गा भाडामा भएमा सम्झौता र लिने दिनेको ना.प्र.नं. को प्रतिलिपि
पुनश्चः माथि उल्लेखित विवरण साचो हो, झुठ्ठा ठहरिएमा कानुन बमोजिम सहुला बुझाउंला ।

निवेदक
नामः
हस्ताक्षरः
फोन नः